# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, माघ १५ गते २०४३ साल (अतिरिक्ताङ्क ४४ (इ)

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको निर्णयानुसार (१) झापा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (२) मोरङ सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (३) नवलपरासी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (४) मकवानपुर चितवन जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (५) सर्लाही जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (६) रूपन्देही जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (७) कपिलबस्तु जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (८) बाँके-बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (९) कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (१०) कन्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग (११) दाङ जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका अध्यक्षहरूले उक्त आयोगहरू कार्यरत रहेसम्म प्रयोग गर्न पाउने गरी देहायका कानून अन्तर्गतका निम्नलिखित अधिकारहरू प्रदान गरिएको छ।

(क) सार्वजनिक सुरक्षा ऐन, २०१८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी उक्त आयोगहरूको अध्यक्षले सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिमको अवस्थामा उक्त उपदफा बमोजिमको अधिकार।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी :–

१. वन ऐन, २०१८ को दफा ३,८ र सो ऐन अन्तर्गत तोकिएको अधिकारीलाई प्राप्त अधिकारहरू ।

२. वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा ३ र सो ऐन अन्तर्गत तोकिएको अधिकारीलाई प्राप्त अधिकारहरू ।

३. जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नाप जाँच नियमावली, २०३२ को नियम ३,७,८ र १२ बमोजिमको अधिकारीको अधिकारहरू ।

४. मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार र कर्तव्यहरू ।

५. मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत नियमावली, २०२६ को नियम १६ को उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार उपरोक्त जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगहरूले पनि प्रयोग गर्ने ।

६. स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६,६(क),६(ख) अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरू ।

(ग) निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी उक्त आयोगहरूमा खटी जाने निजामती कर्मचारी र सम्बन्धित वन डिभिजन कार्यालय अन्तर्गतको कर्मचारीहरूको हकमा उक्त आयोगको अध्यक्षलाई सो नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने गरी तोकिएको छ ।

(घ) उपर्युक्त बमोजिम आयोगहरूले आफ्नो कार्यका सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्बन्धित न्यायपालिका र शाही सेना बाहेक अन्य जिल्ला तथा अञ्चलस्तरीय कार्यालयहरूले अविलम्ब कार्यान्वयन गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयहरूबाट आ-आफ्नो मातहतका कार्यालयहरूलाई निर्देशन दिने ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

622



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।